# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन-२०७९

## दैनिक अनुगमन प्रतिवेदन

### २०७९ मङ्सिर २ गते

सरकारले मंसिर ४ गते हुने निर्वाचनलाई निष्पक्ष, सुरक्षित र भयरहित बनाउनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाइएको जनाएको छ । शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै गृहमन्त्रालयले निर्वाचन पूर्वको सुरक्षा, निर्वाचन अवधिको सुरक्षा र निर्वाचन पश्चातको सुरक्षाका लागि सुरक्षा अंगहरुलाई परिचालन गरिएको जनाएको हो । पत्रकार सम्मेलनमा गृहसचिव विनोद प्रकाश सिंहले निर्वाचनका लागि ७५ हजार नेपाली सेना, नेपाल प्रहरी ७१ हजार भन्दा बढी, सशस्त्र प्रहरी ३५ हजार, अनुसन्धान विभागका दुई हजार र म्यादी प्रहरी १ लाख १५ हजार गरी करिब ३ लाखको जनशक्ति निर्वाचनको सुरक्षामा खटाइएको जानकारी दिनु भयो । उहाँले निर्वाचनलाई सफल बनाउन निर्वाचन विरोधी गतिविधिमा आफूहरूले शून्य सहनशीलताको नीति लिएको बताउनु भयो । निर्वाचन विरोधी गतिविधिमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन त्यस्ता व्यक्ति र समूहमाथि निगरानी बढाएको र निर्वाचनको समयमा साना हातहतियार प्रयोग गरी सुरक्षामा चुनौती हुने देखिएकाले प्रशासन कार्यालयमार्फत वैध हतियार एक हजार ८५४ थान र अवैध हतियार १७१ थान संकलन गरिएको बताउनु भयो । त्यस्तै, प्रत्येक निर्वाचन क्षेत्रमा सुरक्षा अनुगमन घुम्ती टोली खटाइएको र आचारसंहिताको अनुगमन गर्ने प्रवक्ता सिंहले बताए । त्यस्तै, मौन अवधिदेखि मतगणना सुरु नभएसम्मका लागि देशैभर मादकपदार्थ बेचबिखनमा प्रतिबन्ध लगाइएको मन्त्रालयले जनाएको छ ।

**प्रदेश १**

निर्वाचन आयोगले मङ्सिर १ गते मध्यराति देखि चुनावका दिनसम्मलाई ‘४८ घण्टे वा स्थिर अवधि’ अवधिभर कुनै पनि प्रकारले पक्ष वा विपक्षमा भोट माग्नुलाई निर्वाचन आचारसंहिता विपरित भनेपनि मङ्सिर २ गते सामाजिक सञ्जालमा भोट मागेको पाइएको छ । निर्वाचन कसुर तथा सजाय ऐन २०७३ को धरा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पुरा नभएसम्म कुनै दल वा उम्मेदवार पक्ष विपक्षमा प्रचारप्रसार गर्ने वा गराउनेलाई २५ हजार रुपियाँसम्म जरिबाना गर्ने व्यवस्था गरेको छ ।

प्रदेश १ का १४ जिल्लामा प्रतिनिधिसभाका लागि २८ र प्रदेशसभाका लागि ५६ ओटा निर्वाचन क्षेत्र छन् । असोज २४ गतेको मनोनयन दर्ता पछि निर्वाचन आयोगले प्रकाशन गरेको अन्तिम विवरण अनुसार मङ्सिर ४ गते हुने निर्वाचनका लागि प्रदेश १ मा प्रत्यक्षतर्फ ४ सय ५८ जना पुरूष र ५२ जना महिला गरी ५ सय १० जना मङ्सिर ४ गते हुने निर्वाचनका लागि चुनावी अभियानमा सक्रिय भएका छन् । मङ्सिर ४ गतेको निर्वाचनपछि प्रदेश १ मा प्रत्यक्ष तर्फ ५६ जना र समानुपातिकतर्फ ३७ जना गरी ९३ जना सांसद निर्वाचित हुने छन् । मङ्सिर ४ गतेको निर्वाचनमा प्रदेश १ मा प्रत्यक्षतर्फ ३० ओटा राजनीतिक दल र समानुपातिक तर्फ ३६ ओटा राजनीतिक दल सहभागी हुनेछन् । मङ्सिर ४ गतेको निर्वाचनका लागि प्रदेश १ मा १७ लाख २९ हजार ७ सय ७२ जना पुरूष, १६ लाख ६७ हजार ७१ जना महिला र अन्य २२ गरी ३३ लाख ९६ हजार ८ सय ६५ जनाले मतदान गर्ने प्रदेश निर्वाचन कार्यालयले जनायो । प्रदेश १ मा मङ्सिर ४ गतेको निर्वाचनका लागि १ हजार ८ सय ९७ ओटा मतदानस्थल र ४ हजार ९९ ओटा मतदान केन्द्र कायम गरिएको छ ।

प्रदेश १ मा जिल्लागत आधारमा ताप्लेजुङमा ७४ हजार ८० जना पुरूष र ४१ हजार २ सय ५ जना महिला गरी ८८ हजार २ सय ८५ जना, सङ्खुवासभामा ६० हजार ८ सय ६४ जना पुरूष र ५६ हजार ६ सय ९० जना महिला गरी १ लाख १७ हजार ५ सय ५४ जना, सोलुखुम्बुमा ३७ हजार २९ जना पुरूष र ३५ हजार ७ सय १३ जना महिला गरी ७२ हजार ७ सय ४२ जना, ओखलढुङ्गामा ५९ हजार ८ सय १ जना पुरूष र ५८ हजार ८१ जना महिला गरी १ लाख १७ हजार ८ सय ९७ जना, खोटाङमा

७५ हजार ६ जना पुरूष र ६८ हजार ७ सय ४६ जना महिला गरी १ लाख ४३ हजार ७ सय ५२ जना, भोजपुरमा ६४ हजार १ सय २५ जना पुरूष, ५९ हजार २ सय ५३ जना महिला र अन्य गरी १ लाख २३ हजार ३ सय ७९ जना, धनकुटामा ५८ हजार ७ सय ५६ जना पुरूष र ५८ हजार ४ सय ४५ जना महिला गरी १ लाख १७ हजार २ सय १ जना, तेह्रथुममा ३६ हजार ७ सय ९४ जना पुरूष र ३५ हजार १ सय ३९ जना महिला गरी ७१ हजार ९ सय ३३ जना, पाँचथरमा ७३ हजार ७ सय ५६ जना पुरूष र ६६ हजार ६ सय ४८ जना महिला गरी १ लाख ४० हजार ४ सय ४ जना, इलाममा १ लाख १५ हजार ५ सय ५४ जना पुरूष, १ लाख ९ हजार १ सय ९२ जना महिला र अन्य दुई जना गरी २ लाख २४ हजार ७ सय ४८ जना, ३ लाख ३१ हजार ४४ जना पुरूष, ३ लाख ३२ हजार २ सय ५९ जना महिला र आठ अन्य गरी ६ लाख ६३ हजार ३ सय ११ जना, मोरङमा ३ लाख ६३ हजार ४ सय ४८ जना पुरूष, ३ लाख ५१ हजार ७ सय ६९ जना महिला र ६ अन्य गरी ७ लाख १५ हजार २ सय २३ जना, सुनसरीमा २ लाख ७४ हजार ७ सय ५ जना पुरूष, २ लाख ७० हजार २ सय ३४ जना महिला र २ अन्य गरी ५ लाख ४४ हजार ९ सय ४१ जना र उदयपुरमा १ लाख ९५ हजार १६ जना पुरूष,१ लाख १२ हजार ८ सय ४९ जना महिला र २ अन्य गरी २ लाख २८ हजार ९ सय ४६ जना मतदाता छन् ।

मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रदेश १ मा १ हजार ८ सय ९७ ओटा मतदानस्थल तोकिएकोमा ४ सय ३८ ओटा मतदानस्थल अति सम्वेदनशील, ८ सय २४ ओटा मतदानस्थल सम्वेदनशील र ६ सय ३५ ओटा मतदानस्थललाई सामान्य छन् । निर्वाचनका लागि ४ हजार ९९ ओटा मतदान केन्द्र तोकिएकामा ९ सय ७१ ओटा मतदान केन्द्रलाई अति सम्वेदनशील, १ हजार ८ सय ५५ ओटा मतदान केन्द्रलाई सम्वेदनशील र १ हजार २ सय ७३ ओटा मतदान केन्द्रलाई सामान्यमा राखिएको छ ।

ताप्लेजुङमा कायम गरिएका ५७ ओटा मतदानस्थलमध्ये २३ ओटा मतदानस्थल सम्वेदनशील र २९ ओटा सामान्य छन् । सङ्खुवासभाका १ सय ८ ओटा मतदानस्थललाई सुरक्षा सम्वेदनशीलका आधारमा वर्गीकरण गरिएको छ । १ सय ३ ओटा मतदानस्थलमध्ये ८२ ओटा मतदानस्थल सम्वेदनशील र १८ ओटा मतदानस्थल मानिएको छ । सोलुखुम्बुमा १ सय २२ ओटा मतदानस्थलमध्ये ११ ओटा मतदानस्थल अति सम्वेदनशील, ३३ ओटा मतदानस्थल सम्वेदनशील र ७८ ओटा सामान्यमा वर्गीकरण गरिएको छ । ओखलढुङ्गामा ८४ ओटा मतदानस्थलमध्ये सुरक्षा सम्वेदनशीलताको हिसाबले १२ ओटा मतदानस्थललाई अति सम्वेदनशील, २० ओटा मतदानस्थललाई सम्वेदनशील र ५२ ओटा मतदानस्थललाई सामान्य सूचीमा राखिएको छ । १ सय ६३ ओटा मतदान केन्द्र तोकिएको छ । खोटाङमा १ सय ३६ ओटा मतदानस्थलमध्ये ४० ओटा मतदानस्थललाई अति सम्वेदनशील, ५७ ओटा मतदानस्थल सम्वेदनशील र ३९ ओटा मतदानस्थललाई सामान्यमा वर्गीकरणमा राखिएको छ । १ सय ९४ ओटा मतदान केन्द्रमध्ये ५५ ओटा अति सम्वेदनशील, ८९ ओटा सम्वेदनशील र ५० ओटालाई सामान्य मतदान केन्द्रमा वर्गीकरण गरिएको छ । भोजपुरमा ८७ ओटा मतदानस्थलमध्ये ३३ ओटा मतदानस्थललाई अति सम्वेदनशील, २० ओटा मतदानस्थल सम्वेदनशील र ३४ ओटा मतदानस्थललाई सामान्यमा राखिएको छ । १ सय ५३ ओटा मतदान केन्द्रमध्ये ५२ ओटा अति सम्वेदनशील, ३५ ओटा सम्वेदनशील र ६६ ओटालाई सामान्य मतदान केन्द्रमा वर्गीकरण गरिएको छ ।

धनकुटामा १ सय १९ ओटा मतदान केन्द्रमध्ये १६ ओटा मतदान केन्द्र अति सम्वेदनशील, ४९ ओटालाई सम्वेदनशील र ५४ ओटालाई सामान्यमा वर्गीकरण गरिएको छ । १ सय १९ ओटा मतदानस्थलमा १ सय ६२ मतदान केन्द्र छन् । तेह्रथुममा ५६ ओटा मतदानस्थलमध्ये २१ ओटा मतदानस्थललाई सम्वेदनशील र ३५ ओटा मतदानस्थललाई सामान्यमा वर्गीकरण गरिएको छ । ९३ ओटा मतदान केन्द्रमध्ये २७ ओटा सम्वेदनशील र ६६ ओटालाई सामान्य मतदान केन्द्रमा वर्गीकरण गरिएको छ । पाँचथरमा १ सय २ ओटा मतदानस्थलमध्ये ३४ ओटा मतदानस्थललाई अति सम्वेदनशील, ५८ ओटा मतदानस्थल सम्वेदनशील र १० ओटा मतदानस्थललाई सामान्यमा वर्गीकरण गरिएको छ । १ सय

७७ ओटा मतदान केन्द्रमध्ये ५८ ओटा अति सम्वेदनशील, ९७ ओटा सम्वेदनशील र २२ ओटालाई सामान्य मतदान केन्द्रमा वर्गीकरण गरिएको छ । इलाममा १ सय ५० ओटा मतदानस्थलमध्ये ३६ ओटा मतदानस्थल अति सम्वेदनशील, ५५ ओटा मतदानस्थल सम्वेदनशील तथा ५९ सामान्य गरी तीन भागमा वर्गीकरण छ । १ सय ५० ओटा मतदानकेन्द तोकिएको छ । झापामा ७ सय ६६ ओटा मतदानस्थलमध्ये २ सय ७१ ओटा मतदानस्थललाई अति सम्वेदनशील, ३ सय ८१ ओटा मतदानस्थललाई सम्वेदनशील र १ सय १४ ओटा मतदानस्थललाई सुरक्षाको दृष्टिले सामान्य रूपमा वर्गीकरण गरिएको छ ।

मोरङमा ३ सय ६ ओटा मतदानस्थलमध्ये ५० ओटा मतदानस्थल अति सम्वेदनशील, ५० ओटा मतदानस्थललाई अति सम्वेदनशील, १ सय ४४ ओटा मतदानस्थल सम्वेदनशील र १ सय १२ ओटा मतदानस्थल सामान्य रहेका छन् । ८ सय ३९ ओटा मतदान केन्द्रमध्ये १ सय ३७ ओटा अति सम्वेदनशील, ३ सय ८८ ओटा सम्वेदनशील र ३ सय १४ ओटा सामान्य मतदान केन्द्रका रूपमा वर्गीकरण गरिएको छ । सुनसरीमा १ सय ६६ ओटा मतदानस्थलमध्ये ५९ ओटा मतदानस्थल अति सम्वेदनशील, ६५ ओटा मतदानस्थल सम्वेदनशील र ४२ ओटा मतदानस्थल सामान्यमा वर्गीकरण गरिएको छ । ५ सय ९१ ओटा मतदान केन्द्रमध्ये १ सय ८४ ओटा अति सम्वेदनशील, २ सय ८१ ओटा सम्वेदनशील र १ सय २६ ओटा सामान्य मतदान केन्द्रका रूपमा वर्गीकरण गरिएको छ । उदयपुरमा १ सय १ ओटा मतदानस्थलमध्ये २१ ओटा मतदानस्थललाई अति सम्वेदनशील, ५३ ओटा मतदानस्थल सम्वेदनशील र २७ ओटा मतदानस्थललाई सामान्यमा वर्गीकरण छ । २ सय ६४ ओटा मतदान केन्द्रमध्ये ४२ ओटा अति सम्वेदनशील, १ सय ४५ ओटा सम्वेदनशील र ७७ ओटालाई सामान्य मतदान केन्द्रमा वर्गीकरण गरिएको छ ।

प्रदेश १ मा रहेका १४ ओटा जिल्ला कारागारमा रहेका ८ सय ६४ जना कैदीबन्दीले मङ्सिर ४ गतेको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीका मतदान दिने छन् । ताप्लेजुङ कारागारका ४६ जना कैदीबन्दी, सङ्खुवासभा कारागारका ६२ जना, सोलुखुम्बु कारागारका ४८ जना कैदीबन्दी, ओखलढुङ्गा कारागारका २५ जना कैदीबन्दी, खोटाङ कारागारका ४४ जना कैदीबन्दी, भोजपुर कारागारका ६० जना कैदीबन्दी, तेह्रथुम कारागारका ४० जना कैदीबन्दी, पाँचथर कारागारका ४३ जना कैदीबन्दी, इलाम कारागारका ६१ जना कैदीबन्दी, झापा कारागारका १ सय ४८ जना कैदीबन्दी, मोरङ कारागारका १ सय ८७ कैदीबन्दी, सुनसरी झुम्का क्षेत्रीय कारागारका ५८ जना कैदीबन्दी र उदयपुर कारागारमा रहेका ६२ जना कैदीबन्दीले मतदान गर्ने छन् ।

**पाँचथर प्रतिनिधि सहमान विश्वकर्माका अनुसार** नेपाली कांग्रेसबाट समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभाका लागि बन्दसूचीमा नाम रहनु भएकी मधु जवेगुले निर्वाचन आयोगले जारी गरेको स्थिर अवधिको समयमा आफ्नै फेसबुक आइडीबाट रूख चिन्ह्मा मतदान गर्न आवह्वान गर्नु भएको छ । गठबन्धनबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार भीष्मराज आङदम्बे, प्रदेशसभाका ‘क’ का उम्मेदवार कमलप्रसाद जवेगु र प्रदेशसभा ‘ख’ का उम्मेदवार इन्द्रबहादुर आङ्बोको पक्षमा मत दिन आह्वान गर्दै नेपाली कांग्रेसकी नेतृ विमला हाङ्सरूङवाले आफ्नो फेसबुक आइडीबाट अपलोड गर्नु भएको छ । निर्वाचन कसुर तथा सजाय ऐन २०७३ को धरा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पुरा नभएसम्म कुनै दल वा उम्मेदवार पक्ष विपक्षमा प्रचारप्रसार गर्ने वा गराउनेलाई २५ हजार रुपियाँसम्म जरिबाना गर्ने व्यवस्था गरेको छ ।

**सङ्खुवासभा प्रतिनिधि भविन कार्कीका अनुसार** गठबन्धनबाट नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार दीपक खड्का र प्रदेशसभा सदस्य पदका उम्मेदवार राजेन्द्र कार्कीको पक्षमा सामाजिक सञ्जालमा भोट मागिएको छ । निर्वाचन आयोगले जारी गरेको स्थिर अवधिको समयमा आफ्नै फेसबुक आइडीबाट रूख चिन्ह्मा मतदान गर्न आह्वान गर्नुभएको छ ।

**मोरङ प्रतिनिधि विनोद सुवेदी**का अनुसार नेपाली कांग्रेस प्रदेश १ का सहमहामन्त्री खड्ग फागोले आफ्नो फेसबुक आइडीबाट समानुपातिक निर्वाचन प्रणालीका उम्मेदवार उद्धव थापाको पक्षमा रूख

चिन्हमा भोट हाल्न आवह्नन गर्नु भएको छ। निर्वाचन कसर तथा सजाय ऐन २०७३ को धरा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पुरा नभएसम्म कुनै दल वा उम्मेदवार पक्ष विपक्षमा प्रचारप्रसार गर्ने वा गराउनेलाई २५ हजार रुपियाँसम्म जरिबाना गर्ने व्यवस्था गरेको छ।

गठबन्धनबाट नेकपा माओवादी केन्द्रका तर्फबाट मोरङ क्षेत्र न. १ (क) का उम्मेदवार कुलप्रसाद साम्बा कुशलले कुशल लिम्बू सचिवालय फेसबुक आइडी र आफ्नो व्यक्तिगत आइडीबाट हँसिया हथौठा चिन्हमा मतदान गर्न आह्वान गर्नु भएको छ। निर्वाचन आयोगले ४८ घण्टे स्थिर समयको अवधिमा मत वा विपक्षमा भोट मागेमा निर्वाचन कसुर तथा सजाय ऐन २०७३ को धरा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पूरा नभएसम्म कुनै दल वा उम्मेदवार पक्ष विपक्षमा प्रचारप्रसार गर्ने वा गराउनेलाई २५ हजार रुपियाँसम्म जरिबाना गर्ने व्यवस्था गरेको छ।
राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मोरङ क्षेत्र न.१ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार तथा सो पार्टीका केन्द्रीय सदस्य होम गौतमले आफ्नो फेसबुक आइडीबाट भोट माग्नु भएको छ।

**धनकुटा प्रतिनिधि ईश्वर थापाकाअनुसार** जिल्ला खेलकुद विकास समिति धनकुटाका अध्यक्ष मनोज राईले आफ्नो फेसबुक आइडीबाट गठबन्धनका तर्फबाट एकीकृत समाजवादीका प्रदेशसभा सदस्य पद 'क' का उम्मेदवार अर्जुन राईको पक्षमा भोट हाल्न आह्वान गर्नुभएको छ। नेकपा एमालेका प्रदेश सदस्य बलदीप राईले आफ्नो फेसबुक आइडीबाट नेकपा एमालेका प्रतिनिधिसभा उम्मेदवार राजेन्द्र राई, प्रदेशसभा 'क' का उम्मेदवार निरन राई, 'ख' का इन्द्रमणि पराजुलीको पक्षमा सूर्य चिन्हमा मतदान गर्न आवह्वान गर्नु भएको छ। निर्वाचन कसर तथा सजाय ऐन २०७३ को धरा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पुरा नभएसम्म कुनै दल वा उम्मेदवार पक्ष विपक्षमा प्रचारप्रसार गर्ने वा गराउनेलाई २५ हजार रुपियाँसम्म जरिबाना गर्ने व्यवस्था गरेको छ।

४८ घण्टे स्थिर समय अवधिमा प्रेस चौतारी नेपाल धनकुटाका अध्यक्ष रविन कट्टेलले आफ्नो फेसबुक आइडीबाट नेकपा एमालेका प्रतिनिधिसभा उम्मेदवार राजेन्द्र राई, र प्रदेशसभा ख का उम्मेदवार इन्द्रमणि पराजुलीको पक्षमा सूर्य चिन्हमा मतदान गर्न आवह्वान गर्नु भएको छ। निर्वाचन कसर तथा सजाय ऐन २०७३ को धारा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पुरा नभएसम्म कुनै दल वा उम्मेदवार पक्ष विपक्षमा प्रचारप्रसार गर्ने वा गराउनेलाई २५ हजार रुपियाँसम्म जरिबाना गर्ने व्यवस्था गरेको छ।

**झापा प्रतिनिधि नरेश खाती**काअनुसार कन्काई धाम धार्मिक विकास संस्था कोटीहोम, कन्काई नगरपालिका-५ मा नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो चुनाव चिन्ह अङ्कित झण्डा राखेको पाइएको छ।

## मधेस प्रदेश

**बारा प्रतिनिधि भोलानाथ पौडेलकाअनुसार** मङ्सिर १ गते राति १२ बजेदेखि मौन अवधि सुरु भए पनि नेकपा एकीकृत समाजवादीका उम्मेदवार ५४ वर्षीय कृष्णकुमार श्रेष्ठ (किसान) र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उम्मेदवार ५२ वर्षीय जितेन्द्र प्रसाद सोनलले निर्वाचन आचारसंहिता विपरीत मङ्सिर २ गते घरदैलो गर्दै भोट माग्दै हिँडेका छन्।

परवानीपुर गाउँपालिका-३ लिपनीमाल टोलमा मङ्सिर २ गते कार्यकर्तासहित घरदैलो गरी भोट मागेर बारा क्षेत्र नम्बर ४ का प्रनिनिधि सभा सदस्य पदका उम्मेदवार श्रेष्ठ र प्रदेस सभा सदस्य ४ (ख) का उम्मेदवार सोनलले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेका हुन्। स्थानीय तिवारी यादवले दलबल सहित आएका उम्मेदवार श्रेष्ठ र सोनलले मौन अवधिमा पनि मत माग्दै हिँडेको जानकारी दिनु भयो।

बारा निर्वाचन क्षेत्र नम्बर ४ का निर्वाचन अधिकृत कर्णबहादुर राइले इलाका प्रहरी कार्यालयका इन्स्पेक्टरको कमाण्डमा प्रहरी परिचालन भएकाले सत्य तथ्य बाहिर आउने बताउनु भयो। उहाँले निर्वाचन आचरसंहिता उल्लङ्घन गर्ने कसैलाई माफी नदिने बताउनु भयो।

**सप्तरी प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** प्रतिनिधि सभा र प्रदेश सभा चुनावका लागि मङ्सिर १ गते राति १२ बजेदेखि नै स्थिर समय (मौन अवधि) सुरू भइसके पनि उम्मेदवारहरुले गाउँटोल गएर मत माग्ने काम गरिरहेका छन्। निर्वाचन आयोगले गरेको आग्रह अवज्ञा गर्दै निर्वाचन प्रचारप्रसार सम्बन्धी सामग्री फेसबुक, ट्वीटर, युट्युबलगायत सामाजिक सञ्जालमा राख्ने, टिप्पणी गर्ने काम समेत भइरहेको छ। चुनावी प्रचार सामग्री सामाजिक सञ्जालमा नराख्न र लाइक, कमेन्ट, सेयर, ट्याग वा टिप्पणी नगर्न र भएको भए हटाउन सप्तरीका मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले प्रयोगकर्ताहरूलाई आग्रह गर्नुभएको छ। उहाँले सामाजिक सञ्जाल तथा अनलाइन, रेडियो एफ. एम. लगायतका सञ्चार माध्यमबाट कुनै पनि राजनीतिक दल वा उम्मेदवारको विज्ञापन नगर्न र हटाउन भन्नुभएको छ।
कतिपय अनलाइनमा प्रचार सामग्री हटेको छैन भने मतदान केन्द्रका वरपर, चोक, टोलमा दल वा उम्मेदवारका चुनाव चिन्ह अंकित पोस्टर, व्यानर हटाइएको छैन। उम्मेदवार, कार्यकर्ता र समर्थकहरुले समेत भएका चुनाव चिन्ह अंकित पोशाक, लोगो, ब्याज, झन्डा, टिसर्ट, टोपी, स्टीकरलगायत सामग्री प्रयोग गरिरहेका छन्।

**महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साहकाअनुसार** आममतदाताले भयरहित वातावरणमा मतदान गर्न पाउने गरी सुरक्षा व्यवस्था सुदृढ गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। "हामीले जिल्लाभरिका सबै मतदान केन्द्रको पटक पटक अनुगमन गरेर आवश्यक सुरक्षा प्रबन्ध सुदृढ गरेका छौँ", जिल्ला सुरक्षा समितिका अध्यक्ष समेत रहनुभएका प्रमुख जिल्ला अधिकारी दीपक पहाडीले भन्नु भयो- "आम मतदातासँग ढुक्क भएर मतदान गर्न हाम्रो अपिल छ।"
जिल्लामा सुरक्षा प्रबन्धका लागि करिब ५ हजार संख्यामा सुरक्षा जनशक्ति परिचालित गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ। जिल्लामा २ सय ५८ मतदानस्थल र ४ सय ९९ मतदान केन्द्र छन्। सैनिक ब्यारेक र कारागारमा गरी दुई अस्थायी मतदान केन्द्रसहित मतदान केन्द्रको जम्मा संख्या ५ सय १ रहेको छ।

सबै ठाउँमा मतदान प्रयोजनका सामग्रीसहित मतदानकर्मी जनशक्ति पुगिसकेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्लाभरिका यी मतदानकेन्द्रमा ४ हजार ५ जना कर्मचारी, नौ मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य आवश्यक जनशक्ति परिचालित गरिएको मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनले जानकारी दिनु भयो। सीमा क्षेत्रबाट हुने दोहोरो आवतजावत गर्न स्थानीय प्रशासनले मङ्सिर १ गते मध्यरातदेखि नै पूर्ण रुपमा रोक लगाएको छ। सवारी साधनमात्र नभएर सीमाक्षेत्र वारपार गर्न पैदलयात्रीलाई पनि रोक लगाइएको प्रमुख जिल्ला अधिकारी पहाडीले बताउनु भयो।

## बागमती प्रदेश

प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को बागमती प्रदेशका १३ ओटै जिल्लामा सम्पूर्ण तयारी पूरा भएको मुख्य निर्वाचन कार्यालयले जनाएका छन्। इन्सेक जिल्ला प्रतिनिधिहरूका अनुसार यस प्रदेशमा आचारसंहिताका केही घटना सार्वजनिक हुनुका साथै निर्वाचन कार्यालयले स्पष्टिकरण सोध्ने कार्यबाहेक अन्य गतिविधि भएका छैनन्।

**इन्सेक दोलखा प्रतिनिधि उद्धव पोखरेलकाअनुसार** प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन दोलखामा स्वतन्त्र, निश्पक्ष र निर्वाध मतदान हुने वातावरण तयार गरिने प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडाले बताउनु भएको छ। विगतमा जिल्लाका केही मतदानस्थलमा स्वतन्त्र रूपमा निर्वाचन हुन नसकेको हुँदा यो निर्वाचन विशेष तरिकाले सुरक्षाको प्रबन्ध गरिएको हो। विगतका निर्वाचनमा बुथ

कब्जाका भिडिओ नै सार्वजनिक भए पनि निर्वाचन आयोगले त्यहाँको नतिजालाई मान्यता दिएको थियो । उक्त प्रमाणहरू समेत सङ्कलन गरेर दोलखालाई सुरक्षा संवेदनशीलताको हिसाबले पनि पहिलो नम्बरमा राखेको आयोगले जनाएको छ ।

दोलखाको प्रदेशसभा क्षेत्र नम्बर १ का करिब एक दर्जन मतदान केन्द्रलाई 'क' श्रेणीको सुरक्षा निगरानीमा राखिएको आयोगले जनाएको छ । बैत्यश्वर गाउँपालिकाका तीन ओटा मतदान केन्द्र स्थित गैरीमुदीको दुई ओटा बुथ र मिर्गेका बुथलाई निगरानीमा राखिएको हो । गैरीमुदीका स्थानीयले २०४८ सालदेखिका प्रायः कुनै पनि चुनावमा मतदान गर्न पाएका छैनन् । यसपटक स्थानीय चुनावमा पनि कांग्रेसले दुवै बुथ कब्जा गरेको थियो ।

त्यस्तै गौरीशंकर गाउँपालिकाको जुगु, भ्याकु र मार्बुलाई पनि निगरानीमा राखिएको छ भने तामाकोशी गाउँपालिकाकाका जफे, मालु, झुले र शहरेलाई सम्भावित बुथ कब्जा हुने मतदान केन्द्र मानेर निगरानीमा राखिने आयोगले जनाएको छ । यी गाउँमा स्थानीय तह चुनावमा पनि गठबन्धनले बुथ कब्जा गरेको थियो ।

यसका साथै जिरी नगरपालिकाको ठूलो पातालसहित मेलुङ र शैलुङ, बिगु गाउँपालिकाका केही मतदान केन्द्रलाई पनि संवेदनशील मानिएको छ । आयोगले ती क्षेत्रमा थप सुरक्षाकर्मीको प्रबन्ध गर्ने भन्दै विगतमा जस्तो भए कब्जा भएका ठाउँमा पुनः मतदान गराउने तयारी गरेको छ ।

यसअघि निर्वाचन आयोगका पदाधिकारीहरूलाई नै भेटेर जिल्लाका कतिपय नेता तथा मानवअधिकारकर्मीहरूले दोलखामा सधैं बुथ कब्जा हुने गरेकाले यसपटक विशेष व्यवस्था मिलाइदिन आग्रह गरेका थिए । बुथ कब्जा हुने भनेर बदनाम भएका ठाउँमा सीसी क्यामेरा राख्नेबारे पनि छलफल भएको छ । तर, त्योमात्र भरपर्दो उपाय नभएकाले यसपटक माथिबाटै निगरानी र अनुगमन हुने आयोगले जनाएको छ ।

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धितालका** अनुसार प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न गराउन जिल्लाका ३ सय २० ओटै मतदान केन्द्रमा मतदान अधिकृत, साहायक मतदान अधिकृत तथा अन्य कर्मचारीहरूको उपस्थिती भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास रिजालले बताउनु भयो ।

प्रत्येक मतदान केन्द्रहरूमा आठ/आठ जनाको दरले जिल्लाभरी २ हजार ५ सय ६५ जना कर्मचारी परिचालन भएको र सबै मतदान केन्द्रहरूमा निर्वाचनको प्रक्रिया शुभारम्भ भएको छ । निर्वाचनको प्रक्रिया अनुरुप मतदान अधिकृतले मतदान केन्द्रमा सर्वदलीय बैठक बोलाउने, निषेधित क्षेत्र तोक्ने, मतदान हुने आसपासमा हुलहुज्जत गर्न नपाइने, मतदान प्रक्रियामा समस्या देखिएमा स्थानीय तहबाट निरूपणका लागि नीतिनियम बनाउने जस्ता कार्यहरू सम्पन्न भएका छन् ।

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार सबै मतदान केन्द्रमा मतदात केन्द्रका लागि खटिने कर्मचारी मतदानस्थल पुगेर सर्वपक्षीय बैठक राखेर दलहरूसँग समन्वय गरेका छन् । कुनै पनि स्थानमा घटना भए २० मिनेटभित्र सेना समेत परिचलन हुने गरी सुरक्षा तैनाथ गरिएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी दयाराम पौडेलले बताउनुभयो । निर्वाचनको तयारी अन्तिम भएको र सबै स्थानमा सुरक्षा व्यवस्था कडा परिएको छ । यस पटक जिल्ला कारागारमा रहेका ८० मध्ये १४ जनाले प्रतिनिधि सभाको समानुपातिकतर्फ मतदान गर्ने भएका छन् । कैदी र बन्दीको सङ्ख्या धेरै भए पनि मतदाता नामावलीमा नाम समावेस नभएको कारण सबैले मतदान गर्नबाट बञ्चित हुनुपरेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख श्रीराम थापाले बताउनुभयो । रसुवा कारागारमा ६ महिला सहित ८० जना बन्दी रहेकोमा यस पटक १४ जनाले मतदान गर्न पाउने भएका हुन् ।

रसुवामा कुल ३४ स्थानमा ५४ ओटा मतदान केन्द्र रहेका छन् । जिल्ला कारागार र जिल्ला समन्वय समितिमा दुई ओटा अस्थायी केन्द्र रहेका छन् । ७ सय ९१ जना अस्थायी मतदाता रहेका छन्

। मतदान केन्द्रमा खटिएका सबै कर्मचारीलाई तालिम प्रदान गरी ३० गतेबाट मतदान केन्द्रमा खटाएको थापाले बताउनुभयो । रसुवामा कुल मतदाता ३९ हजार ४ सय ५९ जना छन् ।

उत्तरगया गाउँपालिका-५ मा रहेको वडा भवनमा साँघुरो चौरमा क, ख र ग गरी तीन ओटा मतदान केन्द्र अटाउनु पर्ने भएकोले मतदानमा घुइँचो हुने भएको छ । सबैभन्दा धेरै मतदाता रहेको सो स्थानमा गत निर्वाचनमा पनि समस्या परेको थियो । यहाँ २ हजार ४ सय मतदाता छन् तर वडा भवनको साँघुरो चौरमा खचाखच हुने भएकोले व्यवस्थित नहुने मतदाताले यस अघि नै गुनासो गरे पनि समस्याको समाधान भएन ।

स्थानीय शिवायल आधारभूत विद्यालयमा मतदान केन्द्र सार्न अनुरोध भए पनि कुनै वास्ता नभएको स्थानीयको गुनासो छ । निर्वाचनको तयारीका क्रममा कतै केही नभएको र जिल्ला शान्तिपूर्ण रहेको प्रमुख जिल्ला अधिकारी नवराज जैसीले बताउनुभयो ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकारी**का अनुसार प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका दुईदिन अघि सबै मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी पुगेका छन् । जिल्लाको दुर्गम र भौगोलिक विकटता भएको रुबिभ्याली गाउँपालिकाको पुरुमा कर्मचारी पुगेर सर्वदलीय बैठक सम्पन्न भएको छ । १ सय १४ मतदानस्थल र ३ सय ३ ओटा मतदान केन्द्र रहेको धादिङमा एक हजार ६ सय ८८ जना म्यादी प्रहरीसहित २ हजार ५ सय सुरक्षाकर्मी खटिएका छन् ।

निर्वाचन केन्द्रित सम्पूर्ण सुरक्षा व्यवस्था गरिएकोले मतदातालाई सुरक्षित रूपमा आफ्नो मतको प्रयोग गर्नका लागि प्रमुख निर्वाचन अधिकृत स्वीकृति पराजुलीले आग्रह गर्नुभएको छ । जिल्ला सुरक्षा समितिले जिल्लाको कुल १ सय १४ मतदान स्थल मध्ये १ सय ४ मतदान स्थललाई अतिसंवेदनशीलको सूचिमा राखेको छ । भयरहित वातावरणमा निर्वाचन गराउन सक्षम रहेको भन्दै निर्धक्क भएर मताधिकार प्रयोग गर्न प्रहरीले सबैलाई आग्रह गरेको छ ।

**इन्सेक नुवाकोट प्रनिनिधि नवदीप श्रेष्ठ**का अनुसार निर्वाचन आयोगका आयुक्त डाक्टर जानकीकुमारी तुलाधरले मङ्सिर २ गते जिल्लाको निर्वाचन तयारीको अनुगमन गर्नुभएको छ । विदुरमा मुख्य निर्वाचन अधिकारी मदनबहादुर धामी, प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसाललगायतसँग निर्वाचनको तयारीको बारेमा जानकारी लिनु भएको थियो ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित बनाउनको लागि कुनै कसर बाँकी नराख्न निर्देशन दिनु भएको थियो । आयुक्त डा. तुलाधरले भैरवी मावि मतदान केन्द्र, नुवाकोट आदर्श बहुमुखी क्याम्पस मतदान स्थल र मत गणनास्थलको अनुगमन समेत गर्नु भएको थियो ।

**इन्सेक काठमाडौँ प्रतिनिधि विमल पौडेल**का अनुसार काठमाडौँको प्रतिनिधि सभा निर्वाचन क्षेत्र न. ५ अन्तर्गत बुढानिलकण्ठमा भेटिएको शङ्कास्पद वस्तु नेपाली सेनाको टोलीले निष्कृय पारेको छ । मङ्सिर २ गते बिहान साढे २ बजेतिर सशस्त्र प्रहरीको टोलीले बुढानीलकण्ठ नगरपालिका-७ स्थित स्पेसल चोकमा प्रेसरकुकर बम भेटेपछि नेपाली सेनाको बम डिस्पोजल टोलीलाई खबर गरेको थियो । खबरपश्चात पुगेको नेपाली सेनाको बम डिस्पोजल टोलीले बम निष्कृय पारेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी दिनेशराज मैनालीले जानकारी दिनुभयो ।

त्यसैगरी, काठमाडौँ महानगरपालिका-५ हांडीगाउँमा शुक्रबार बिहान ३ बजे भेटिएको शङ्कास्पद वस्तु पनि नेपाली सेनाको टोलीले निष्कृय पारेको छ । हाँडीगाउँस्थित भत्केकोपुल जाने बाटोमा प्रेसर कुकरमा तार जोडेर राखेको अवस्थामा भेटिएको शङ्कास्पद वस्तु नेपाली सेनाको टिमले निष्कृय पारेको हो । दुवै घटनाबारे जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान गरिरहेको र आरोपितहरूको खोजी कार्य जारी रहेको एसपी मैनालीले इन्सेक प्रतिनिधिलाई जानकारी दिनुभयो ।

यसैबीच, अज्ञात पक्षले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) काठमाडौं निर्वाचन क्षेत्र नम्बर ५ को कार्यालयमा तोडफोड गरेको छ । राप्रपाका प्रवक्ता मोहन श्रेष्ठका अनुसार अपरिचित व्यक्तिबाट मङ्सिर

१ गते राति महाराजगन्जस्थित राप्रपा काठमाडौं क्षेत्र नं ५ को सम्पर्क कार्यालयमा तोडफोड भएको हो ।

घटनाको बारेमा छानबिनको माग गर्दै आफूहरूले अनुसन्धानका लागि प्रहरी वृत्त महाराजगञ्जमा उजुरी दिएको प्रवक्ता श्रेष्ठले बताउनुभयो । यसैबीच, निर्वाचन आयोगले नेपाल कमर्स क्याम्पस, मीनभवनका क्याम्पस प्रमुख ध्रुवप्रसाद सिलवाललाई २४ घन्टे स्पष्टीकरण सोधेको छ। आयोगले सिलवाल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) को तर्फबाट काठमाडौं जिल्ला प्रतिनिधि सभा सदस्य क्षेत्र नं. १ का उम्मेदवार किरण पौडेलको प्रचारप्रसारमा सहभागी भएको श्रव्यदृश्य सामग्री समेत संलग्न गरी उजुरी परेको भन्दै स्पष्टीकरण सोधेको हो ।

त्यसैगरी आयोगले रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँका सहायक प्राध्यापक खिलराज सापकोटालाई स्पष्टीकरण सोधेको छ। सापकोटाले आफ्नो फेसबुक पेजमार्फत राजनीतिक दलको चुनावी प्रचारप्रसार गरेको भनी उजुरी परी राष्ट्रिय सतर्कता केन्द्रमार्फत आयोगमा लेखी आएकोले स्पष्टीकरण सोधेको आयोगका सहायक प्रवक्ता गुरु प्रसाद अर्यालले जानकारी दिनुभयो । निर्वाचन आचारसंहिता, २०७९ को दफा १०, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (क) मा “कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने” र ऐ. दफाको
खण्ड (ज) मा “सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने” व्यवस्था छ । त्यस्तै निर्वाचन आयोगले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका रजिष्ट्रार प्राध्यापक प्रमिला देवानलाई नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्सवादी लेनिनवादी) को चुनावी प्रचारप्रसारमा संलग्न भएको उजुरीका आधारमा २४ घण्टाभित्र स्पष्टीकरण दिन पत्र पठाएको छ ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ का लागि काठमाडौंमा ५ हजार ७ सय ७९ सुरक्षाकर्मी परिचालन भएका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा एसपी दिनेशराज मैनालीले निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न काठमाडौंका ३ सय २० मतदानस्थल र ७ सय ५७ मतदान केन्द्रमा २ हजार ५ सय नेपाल प्रहरी र ३ हजार २ सय ७९ म्यादी प्रहरी परिचालन गरिएको जानकारी दिनुभयो । त्यस्तै निर्वाचनलाई मध्यनजर गर्दै मोबाइल गस्ती, सादा पोसाकमा प्रहरी परिचालन, आचारसंहिता उल्लङ्घन अनुगमन, काठमाडौंमा नाकामा सुरक्षा जाँच गर्दै आएको एसपी मैनालीले बताउनुभयो ।

**इन्सेक मकवानपुर प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार उम्मेदवारको गाडी तोडफोड मकवानपुर २ को (ख) का गठबन्धनबाट उम्मेदवार इन्द्रबहादुर बानियाँ चढेको गाडीमा तोडफोड भएको छ । नेपाल कम्युनिष्ट पार्टी मकवानपुरले उम्मेदवार बानियाँ चढेको गाडीमा हेटौँडा उपमहानगरपालिका-१९ दालिमटार नजिक पूर्वपश्चिम राजमार्गमा तोडफोड गरेको हो । घटनापछि नेकपा मकवानपुरले विज्ञप्ति जारी गरेर बानियाँमाथि कारबाही गरेको दावी गरेको छ। घटनामा सम्लङ्गनहरूको खोजी भैरहेको मकवानपुरका प्रहरी नायव उपरीक्षक डिएसपी टेकबहादुर कार्कीले बताउनुभयो। नेपाली कांग्रेस बागमती प्रदेशका सभापतिसमेत रहेका बानियाँलाई उनी चढ्ने गाडीमा तोडफोड गरेर कारबाही गरेको नेकपा मकवानपुरले विज्ञप्तिमा जनाएको छ। नेकपा मकवानपुरको लेटरप्याडमा उदिप सीद्वारा जारी विज्ञप्तिमा बानियाँ चढेको गाडीमाथि तोडफोड गरेर कारबाही गरिको भन्दै बानियाँलाई कारबाही किन ? भनेर उल्लेख गरिएको छ ।

बानियाँमाथि नेकपा मकवानपुरले गिङ्ग खानीमा स्थानीय जनताको मुआब्जा बिना र अदालतको निर्णय विपरीत खानी सञ्चालन गरेको, जनताको हित विपरीत शिवम् सिमेन्टको खानीको ढुङ्गा उत्खनन गरी ढुवानी गरेको, चुनावका लागि पैसा खर्च गरेर मतदाता खरिद गरेको आरोप लगाएको छ। बानियाँलाई यस अघि मनहरी गाउँपालिकामा आफ्नै पार्टीका कार्यकर्ताले कालो झण्डासमेत देखाएका थिए ।

## गण्डकी प्रदेश

इन्सेक म्याग्दी प्रतिनिधि अमृतप्रसाद पौडेलका अनुसार भौगोलिक बनावटको यातायातका साधनहरू केही दूरी सम्मका लागि हुने र बाँकीको यात्रा पैदल गर्नु पर्ने भएकोले प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि जिल्लासदरमुकाम बेनीदेखि सबै भन्दा टाढा रहेको धौलागिरी गाउँपालिका-१, को गुर्जामा निर्वाचन सामाग्री लान कठिनाई भएको छ। कात्तिक २९ गते निर्वाचन सामग्री बुझेर बेनी-दरवाङ सडक खण्डको दरवाङ र त्यस पछि दरवाङ मुना सडक खण्डको मुना पुगेर बास बसेका कर्मचारीहरू लुलाङको लमसुङबाट ९ घण्टा लामो पैदल यात्रा छिचोलेर गुर्जा पुगेका छन्। गुर्जा मतदानक केन्द्रका निर्वाच्न अधिकृत अमृत सुवेदी कमाण्डको निर्वाचन टोली अनकण्टार जंगलको यात्रा गरेर भए पनि मतदानस्थल पुगेको छ।

## लुम्बिनी प्रदेश

**बाँके डुडुवा गाउँपालिकाका इन्सेक पर्यवेक्षक शेरबहादुर शाही**का अनुसार सीमा क्षेत्रको सुरक्षालाई ध्यानमा राखेर नेपाल भारत सीमा क्षेत्रको दशगजामा दुई देशका सुरक्षा निकायले संयुक्त गस्ती गरेका छन्। सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण हेडक्वाटर बागेश्वरी अन्तर्गत बिओपी जमुनाहाका इन्चार्ज सशस्त्र प्रहरीका इन्सपेक्टर रोशन जोशी र भारतीय सशस्त्र सीमा बल (एसएसबी) बटालियन नम्बर ४२ को कम्पनी रुपैडिहाका असइ अरुण कुमारको संयुक्त कमाण्डमा बाँकेस्थित नेपाल भारत सीमा क्षेत्रको जङ्गेपिल्लर नं. ६५१ देखि ६५१/११ सम्म संयुक्त गस्ती गरिएको हो। निर्वाचनको बेलामा सीमा क्षेत्रबाट हुनसक्ने अवाञ्छित क्रियाकलाप तथा अपराध रोक्नका लागि संयुक्त गस्ती सुरू गरिएको जनाइएको छ।

**नवलपरासी पश्चिम प्रतिनिधि नारायण पराजुली**का अनुसार मौन अवधि सुरू हुन केही घण्टा अघि नवलपरासी पश्चिम बर्दघाट नपा- १२, भटौलियाबाट प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार हृदयेश त्रिपाठी विरूद्ध गलत प्रचार बाजी गरेको भन्दै प्रहरीले एक जनालाई गिरफ्तार गरेको छ। सत्ता गठबन्धनतर्फका उम्मेदवार विनोद चौधरीद्वारा सञ्चालित चौधरी ग्रुपमा कार्यरत बर्दघाट नपा-१ मोतिबस्तीका कृष्णबहादुर रानालाई त्रिपाठीविरूद्ध प्रचार गरेको भन्दै प्रहरीले गिरफ्तार गरेको हो। उनले मोटरसाइकलमा बालबालिकाको प्रयोग गरी हृदयेश त्रिपाठीलाई मतदाताका १४ प्रश्न भन्ने सानो बुकलेट बाँड्दै हिँडेको अवस्थामा स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएको डिएसपी भोजराज पाण्डेले बताउनु भयो। २४ पृष्ठको बुकलेटमा एक तर्फ "नो नट अगेन" लेखिएको छ भने अर्को तर्फ हृदयेश त्रिपाठीलाई मतदाताका १४ प्रश्न भनेर लेखिएको छ। विनोद चौधरी सो क्षेत्रबाट त्रिपाठीसँगै चुनावी प्रतिस्पर्धामा छन्। चौधरीले उम्मेदवार विरूद्ध भ्रामक प्रचार गर्न उक्त पर्चा वितरण गरेर आचार संहितको धज्जी उडाएको हृदयेश त्रिपाठीले बताउनु भयो।

**गुल्मी प्रतिनिधि टोपलाल अर्यालकाअनुसार** जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी तथा सुरक्षाकर्मी पुगेका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार अधिकांश कर्मचारी र सुरक्षाकर्मीहरू मङ्सिर १ गते नै सम्बन्धित मतदान स्थलमा पुगेका हुन्। मतदान अधिकृतले सर्वदलीय छलफल गर्ने र कर्मचारीहरूलाई प्रशिक्षण दिएको मुख्य निर्वाचन अधिकृत बसन्तराज पौडेलले जानकारी दिनुभयो। मौन अवधि सुरूभएसँगै उम्मेदवारहरूले पनि घरदैलो अभियान स्थगित गरेका छन्। जिल्ला प्रशासन कार्यालयले जिल्लाका नाकाहरूमा चेक जाँचलाई कडाइ गरेको छ। जिल्ला प्रशासन कार्यालयमका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलकाअनुसार सबै तहमा सुरक्षाकर्मी परिचालन भएका छन्। मतदानस्थलमा खटिने सुरक्षाकर्मी बाहेक व्याकअप फोर्स र मोवाइल टोली गरेर विभिन्न तहमा सुरक्षाको प्रबन्ध मिलाइएको पौडेलले बताउनु भयो।

**कपिलवस्तु इन्सेक पर्यवेक्षक चन्द्रकला थारू**का अनुसार जिल्लामा मतदान स्थलहरूमा मतदान सामग्री पुगिसकेको र मतदान केन्द्र व्यवस्थापन भइरहेको र सुरक्षा व्यवस्था तयारी रहेको अवस्था रहेको छ। मौन अवधि भित्र कुनै पनि गतिविधि नभएको तथा वातावरण शान्त रहेको छ।

**अर्घाखाँची इन्सेक पर्यवेक्षक अन्जना खड्का**का अनुसार जिल्लामा मतदान स्थलको तयारीको काम भइरहेको र मतदान **सामग्री** केन्द्रमा पुगिसकेको छ । आचार संहिता विपरितका कुनै पनि कार्य भएको छैन ।

**बर्दिया इन्सेक पर्यवेक्षक थालीनाथ योगी र प्रतिक्षा पौडेल**का अनुसार जिल्लामा मौन अवधि सुरू भएपछि आमसभा, प्रचार प्रसारका कार्य बन्द भएका छन । झण्डाको प्रयोग भएको गाडी प्रयोगमा आएका छैनन् भने निर्वाचन मतदान स्थलमा मतदान सामग्री पुगिसकेका छन् ।

**प्यूठान इन्सेक पर्यवेक्षक सुशील श्रेष्ठ**का अनुसार जिल्लामा मतदान स्थलमा कर्मचारी र मतदान सामग्री पुगिसकेका छन् । निर्वाचन विरोधी गतिविधि नभएको पाइएको छ ।

**नवलपरासी पश्चिम जिल्ला इन्सेकका पर्यवेक्षक टेकबहादुर बुढाथोकीका** अनुसार मौन अवधिमा प्रचार प्रसार भएको छैन, मतदान केन्द्रमा मतदान सामग्री पुगेको र कर्मचारीहरू निर्वाचान व्यवस्थापनमा खटिएका छन ।

**प्यूठान प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार जिल्लाका दुई गाँउपालिकाका चार वडाका मतदान केन्दमा टेलिफोनको पहुँच पुग्न नसकेको मुख्य निर्वाचन अधिकृतको कार्यलयले जनाएको छ । जिल्लाको गौमुखी गाँउपालिका – १ , २, ३ र नौबहिनी गाँउपालिका -१ मा रहेका मतदान केन्द्रमा टेलिफोन ले राम्रोसँग काम नगर्ने र नौबहीनी गाँउपालिका – १ का चार वटा मतदान केन्द्र , स्वर्गद्धरी नपा – १ को एक वटा मतदान केन्द्र र सरूमारानी गाँउपालिको – ४ को एक वटा मतदान केन्दमा यातायातको पहुँच नभएले मतपत्र ल्याउन गाडी पुग्ने ठाँउसम्म आउन करिब २ घण्टा लाग्ने मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक अधिकृत वीरेन्द्रप्रकास खड्काले बताउनु भयो ।

**बर्दिया प्रतिनिधि मानबहादुर चौधरीका अनुसार** प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि बर्दियामा १ हजार ४ सय ५० जना कर्मचारी र ३ हजार २ सय सुरक्षाकर्मी परिचालन गरिएको छ । ती मध्ये एक मतदान केन्द्रमा मतदान अधिकृत, सुरक्षाकर्मीदेखि सबै कर्मचारी महिला रहेका छन् । गुलरिया नपा-८ स्थित महाकवि लक्ष्मीप्रसाद देवकोटा मविमा रहेको नमूना मतदान केन्द्रका सबै कर्मचारी महिला रहेका हुन् । जिल्लाका १ सय ५४ मतदान स्थल अर्न्तगतका ३ सय ७६ मतदान केन्द्र रहेका छन् ।

**कपिलवस्तु प्रतिनिधि पार्वती आचार्य**का अनुसार मङ्सिर ४ गते सम्पन्न हुने प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचन आचारसंहिता उल्लङ्घनको औपचारिक उजुरी कपिलवस्तुमा लिखितरुपमा नआए पनि मतदानको दिन नजिकिदै गर्दा आचार संहिता उल्लङ्घनका घटना बढिरहेको देखिएको छ । प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार बनेका उम्मेदवारले १५ वर्ग फिटका फ्ल्याक्स प्रिण्ट र रंगीन पोष्टर टाँसेको पाइएको छ । बाणगंगा नपा-८ बन्डौलि चोकको प्रतिक्षालय , बाउन्ड्री , पिपलको रुख , घरको गेट , डिवालमा उम्मेदवारको फोटो सहितका रंगिन पोष्टरहरू विभिन्न स्थानहरुमा टाँसेको पाइएको छ । नेपाल जनता पार्टीका उम्मेदवारको चुनाव चिन्ह गुलाबको फुल , नेकपा एमालेको सूर्य चिन्ह , गठबन्धनको रुख र हसिँया हथौडा लगायतका चुनाव चिन्हहरूको पोष्टर लगाइएको अनुगमनको क्रममा देखिएको छ । यस्तै नेकपा एमाले पार्टीका नेता तथा कार्यकर्ता र गठबन्धका नेता तथा कार्यकर्ताहरुले बाणगंगा नगरपालिका- ८ को बोर्डगाउँ मुख्यसडक मार्ग देखि सय मिटरको दूरीमा रहेको बजारमा बाटो बारीदेखि बाटोपारीसम्म पार्टीका पर्चाहरूको तोरन लगाएका छन् । यस्तै तीन वटा मतदान केन्द्र स्थापना गरिएको बाणगंगा लौंगाईस्थित बाणगंगा माविको सय मिटर नजिकै नेकपा एमाले पार्टीको सूर्य चिन्ह अंकित व्यानरको तोरण लगाइएको छ ।

**बाँके प्रतिनिधि लक्ष्मी थारूकाअनुसार** प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनकोीमा क्षेत्रको सुरक्षा ध्यानमा राखेर नेपाल भारत सीमा क्षेत्रको दश गजामा दुई देशका सुरक्षा निकायले संयुक्त गस्ती गरेका छन् । मौन अवधिमा प्रचार प्रसार तथा झण्डा व्यानर प्रयोग नगरेको पाइएको छ भने राजनीतिक दल र उम्मेदवारहरूले झण्डा व्यानर र पर्चा पम्पलेट तोरन लगायतका सामग्रीहबाटोहरू

हटाएको पाइएन। जिल्लाको तीन वटा निर्वाचन क्षेत्रको ३ सय ८० मतदान केन्द्रमा कर्मचारी र निर्वाचन सामग्री तथा कर्मचारी पठाइ सकेको छ। जिल्लाको भौगोलिक तथा जनसङ्ख्याको आधारमा ठूलो मानिने राप्ती सोनारी गाउँपालिकामा बढी सङ्ख्यामा कर्मचारी खटाइएको जिल्ला निर्वाचन अधिकारी रमा पन्तले बताउनु भयो।

**अर्घाखाँची प्रतिनिधि कूलबहादुर नेपाली**का अनुसार मङ्सिर ४ गते हुने निर्वाचनकालागि मतदान केन्द्रमा मतदान अधिकृतको नेतृत्वमा खटिएका कर्मचारी, सुरक्षाकर्मी र म्यादी प्रहरीबाट सन्धिखर्क नगरपालिका -९ अर्घा रजस्थल मावि., वडा नम्बर- १० आदर्श आधारभूत विद्यालय धरमपानी र मालारानी गाउँपालिका -५ बाँगी स्वास्थ्य चौकीमा भइरहेको निर्वाचन पूर्व तयारी अवस्थाबारे राष्ट्रिय मानब अधिकार आयोगका प्रतिनिधि र इन्सेक प्रतिनिधिबाट मतदान स्थल तथा मतदान केन्द्रको अनुगमन गरिएको छ।

## कर्णाली प्रदेश

प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन २०७९ मतदान गर्ने दुई दिन बाँकी रहेको छ। आवश्यक निर्वाचन सामग्री बुझेर निर्वाचन स्थलमा गएका कर्मचारीले मङ्सिर २ गते सर्वदलीय बैठक आयोजना गरेका छन्। मतदान केन्द्र वरपर हात हतियार ल्याउन नपाइने, मदिरा सेवन तथा बिक्री वितरण गर्न नपाइने लगायतका सूचना मतदान अधिकृतहरूले प्रकाशन गरेका छन्।

**कालीकोट जिल्ला प्रतिनिधि कालिबहादुर मल्लकाअनुसार** प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन दुई दिन बाँकी रहँदा कालीकोट जिल्लाका १ सय ३ मतदान स्थल र १ सय २४ मतदान केन्द्रमा मङ्सिर २ गते सर्वदलीय बैठक सम्पन्न भएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी धनबहादुर मल्ले जानकारी गराउनु भएको छ।

**दैलेख जिल्ला प्रतिनिधि अमर सुनारकाअनुसार** मतदान हुनु अगाडि मङ्सिर १ गते राति १२ बजेपछि ४८ घण्टाको मौन समय सुरु भए पनि दलका नेता, कार्यकर्ता र उम्मेदवारहरू सामाजिक सञ्जालमार्फत मत मागिरहेको भन्ने सूचना आउन थालेपछि दैलेखमा आचारसंहिता अनुगमन समितिले ती गतिविधिहरू रोक्न आग्रह गरेको छ। मौन समयमा मतदातासँग मत माग्ने आशयका फेसबुक स्टाटस लेखेका कर्णाली प्रदेशसभा सदस्य पदका उम्मेदवार धर्मराज रेग्मी, नेपाली कांग्रेसका पार्टी सचिव नारायण रेग्मी, कांग्रेस कार्यकर्ता यामबहादुर मल्ललाई मङ्सिर २ गते स्टाटस हटाउन लगाइएको निर्वाचन आचार सहिंता अनुगमन अधिकृत मोहन जैसवालले बताउनुभयो।

**जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठकाअनुसार** जिल्लाका १ सय ४२ मतदान केन्द्रमा सबै कर्मचारी पुगिसकेको र आ-आफनो केन्द्रमा निर्वाचनलाई स्वतन्त्र तथा निष्पक्ष बनाउन सर्वदलीय र सर्वपक्षीय बैठक सम्पन्न भएको निमित्त जिल्ला निर्वाचन अधिकारी नवीन कठायतले बताउनु भयो।

**हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहकाअनुसार मङ्**सिर जिल्लाका ५९ वटा मतदान केन्द्रमध्ये करिब २५ ओटा मतदान केन्द्रमा सर्वदलीय बैठक सम्पन्न भएको जिल्ला निर्वाचन कार्यालयका निमित्त जिल्ला निर्वाचन अधिकारी श्यामबहादुर रानाले बताउनु भएको छ।
निमित्त अधिकारी रानाका अनुसार निर्वाचन गराउनका लागि खटिएका मतदान अधिकृत, कर्मचारी र राजनीतिक दलका प्रतिनिधि र स्थानीयले सर्वदलीय बैठक गरेका हुन्। बैठकमा सुचना टाँस्ने, हात हतियार निषेध, प्रचार प्रसार निषेध र चार किल्ला (क्षेत्र) तोक्ने लगायतका निर्णयहरू भएको अधिकारी रानाको भनाइ छ। उहाँका अनुसार मौन अवधि सुरु भएको भएपनि हुम्लामा हालसम्म आचारसहिंता उल्लङ्घनका घटनाहरूको मौखिक तथा लिखित उजुरी भने नआएको बताउनु भयो।

**सुर्खेत जिल्ला प्रतिनिधि प्रभा रावतका अनुसार मङ्**सिर २ गते जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी पुगिसकेका छन्। मतदान केन्द्रमा पुगेका कर्मचारीले सामानको रुजु गर्ने, मतदान केन्द्रका लागि आवश्यक पर्ने छेकवार, लाइनको व्यवस्था, डोरी लगाउने लगायतका आवश्यक कामको तयारी गरिरहेका छन्। भेरीगङ्गा नपाको छिन्चु बजार वरपर गठबन्धनको पर्चा, पम्प्लेट टाँसेको पाइयो। टाँसिएका पर्चा

र पम्प्लेट हटाउन अनुरोध गरिएको आचारसंहिता अनुगमन समितिका अनुगमन अधिकृत गोपी भण्डारीले जानकारी दिनुभयो ।

## सुदूरपश्चिम प्रदेश

**इन्सेक अछाम प्रतिनिधि शिवराज ढुङ्गाना**का अनुसार प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्न खटिएका मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरुको समन्वयमा मतदान केन्द्रमा सर्वदलीय/सर्वपक्षीत बैठक गर्ने, बुथ निर्माण गर्ने, एजेन्ट व्यवस्थापन, मतदाता परिचय-पत्र वितरण र आवश्यक समन्वय गर्ने काम थालनी गरेका छन् । मतदान कार्यलाई निष्पक्ष, शान्तिपूर्ण, धाँधलीरहित र मतदान कार्यलाई व्यवस्थित बनाउनका लागि जिल्लाका २ सय ३० ओटै मतदान केन्द्रमा सर्वदलीय/सर्वपक्षित बैठक गरिएका छन् । मतदान सामग्रीसहित मतदान केन्द्रमा पुगेका मतदान अधिकृत लगायतका कर्मचारी, सुरक्षाकर्मी र स्थानीय राजनीतिक दल, अगुवा बीचमा निर्वाचनलाई शान्तिपूर्ण बनाएर सम्पन्न गराउनका लागि बैठक भएको कमलबजार नगरपालिका-४ चाल्साको पशुपति मावि मतदान केन्द्रमा खटिएका मतदान अधिकृत खकेन्द्रबहादुर सोडारीले बताउनु भयो । निर्वाचनलाई सफल बनाउन सर्वदलीय/सर्वपक्षीय बैठक भएको र मतदान कार्यलाई सहज बनाउनका लागि आवश्यक समन्वयको काम भइरहेको मेल्लेख गाउँपालिकाको पिपलसेन मावि दर्वाको मतदान केन्द्रमा खटिएका निर्वाचन अधिकृत कालुसिंह बोहराले जानकारी दिनुभयो । जिल्लाका १० स्थानीय तहका १ सय ३० मतदानस्थलमा २ सय ८ मतदान केन्द्र रहेका छन् । मतदान केन्द्रको संख्या अनुसार मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, स्वयमसेवक गरेर २ हजार ४ सय ८९ कर्मचारी खटाइएको छ ।

**यसैगरी** कर्मचारीहरु मतदान केन्द्रमा खटिने भएको भन्दै जिल्ला प्रशासन कार्यालय, अछामबाट पाइने नियमित सेवाहरु पाँच दिनका लागि बन्द गरिएको छ । कार्यालयका कर्मचारी मतदान केन्द्रमा खटिने भएकोले कर्मचारी अभावमा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक बाहेकका सेवाहरु मङ्सिर ५ गतेसम्मका लागि बन्द गरिएको कार्यालयका प्रशासकीय अधिकृत मिनराज आचार्यले जानकारी दिनुभयो । पाँच गतेसम्मका लागि नागरिकता, राहदानी, राष्ट्रिय परिचय-पत्र, विभिन्न सिफारिसहरु लगायतका नियमित काम रोकिएको छ । शान्ति, सुरक्षा, निर्वाचन र अत्यावश्यक कामहरु बाहेक अन्य सेवाहरु बन्द गरिएको सूचना जारी गरेको छ ।

**इन्सेक दार्चुला प्रतिनिधि नरेन्द्रसिंह कार्की**का अनुसार निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म पालना गर्नु पर्ने विशेष आचरणसम्बन्धी व्यवस्था छ । सो व्यवस्था अनुसार मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि मङ्सिर १ गते राति १२ बजेपछि निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्न पाइँदैन ।

मतदानको दिन मतदान केन्द्रको वरिपरि कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने खालका एकै रङ्ग वा किसिमका साङ्केतिक अर्थ जनिने पोशाक, लोगो, ब्याज, झण्डा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी, क्याप, भेष्ट, मास्क, झोला, स्टीकर लगायतका पहिरन र चीज वस्तु लगाएमा, प्रयोग गरेमा, देखाएमा र प्रदर्शन गर्न नहुने भनेको छ । तर, सार्वजनिक स्थानमा राखिएका प्रचार सामग्री र मतदानस्थल नजिकै लगाइएका राजनीतिक दलका प्रचार पोष्टर सामग्री अझै हटाइएको छैन् । सामाजिक सञ्जाल तथा अनलाइन सञ्चार माध्यमबाट कुनै राजनीतिक विज्ञापन नगर्ने नगराउने, यसअघि गरिएका यस्ता विज्ञापन हटाउन भनिएपनि उम्मेदवारका पेजमार्फत अहिले पनि प्रचार सामग्री हटाइएको छन् ।
मतदान अधिकृत तथा कर्मचारीहरु फिल्डमा पुगेर सर्वदलीय बैठक, उम्मेदवारका प्रतिनिधि तोक्ने कायम भएको छ । जिल्लाभरीका सबै मतदानस्थल र केन्द्रमा मतदान अधिकृत र कर्मचारी पुगेर काम सुरु

गरिसकेको जिल्ला निर्वाचन अधिकारी प्रदीपसिह धामीले जानकारी दिनुभयो । किल्ला छुट्याउने, मदिरा निषेधित क्षेत्र घोषणा गर्ने, सर्वदीय बैठक, स्वयंसेवक नियुक्ति लगायतका सबैकामहरु भएका छन् ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरी**का अनुसार आसन्न मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधि  र प्रदेशसभा सदस्य निर्वाचन २०७९ स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नका लागि जिल्लाका सबै मतदानस्थलमा निर्वाचन सामग्री सहितको मतदान अधिकृतको टोली पुगि सकेका छन । निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्नका लागि सर्वदलिय बैठक, भौतिक संरचना तयारी तथा  स्वयमसेवक परिचय-पत्र वितरण लगायतका कार्यहरु भइरहेको गौरीगंगा नगरपालिका–१ स्थित पशुपति माध्यमिक विद्यालयमा खटिनु भएका मतदान अधिकृत शिवराज नेपाल, सोही नगरपालिका–३ का जनजागृती मावि मतदानस्थलको मतदान अधिकृत ज्ञानेन्द्रबहादुर भट्ट र सोही नगरपालिका–६ अमर मावि मतदानस्थलका मतदान अधिकृत रामप्रसाद उपाध्यायले पर्यवेक्षणमा खटिनु भएका इन्सेकका सहजकर्ता दिपक नेपालीलाई बताउनु भएको छ । स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपुर्ण रुपमा निर्वाचन सम्पन्न गर्नका लागि जिल्लाका सबै मतदानस्थलमा म्यादी प्रहरी सहित सुरक्षाकर्मी परिचालन गरिएको छ । मतदानको दिन पहिलो घेरामा म्यादी प्रहरी र नेपाल प्रहरी, दोस्रो घेरामा शसस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनाले सुरक्षा दिने जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले बताउनु भयो ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि सत्यराजबहादुर सिंह**का अनुसार मतदान गराउनका लागि खटिएका कर्मचारीहरू मतदान केन्द्र निर्माण र सर्वपक्षीय छलफलमा जुटिरहेका छन् । मङ्सिर १ गते मतदान केन्द्रमा मतदान सामग्रीसहित पुगेका मतदान अधिकृतहरुले मङ्सिर २ गते विहानदेखि सर्वपक्षीय छलफल र मतदान केन्द्र निर्माणमा जुटेका हुन् । जयपृथ्वी नगरपालिका-१ को नारायण माध्यामिक विध्यालय पिमीको मतदानस्थलमा खटिएका मतदान अधिकृत सुरेन्द्र सिंहले आफूले सर्वपक्षीय छलफल सकाएको र अब मतदान केन्द्र निर्माणको काममा जुटेर भोलि मङ्सिर ३ गते दिउसोसम्म मतदान केन्द्र निर्माण गरिसक्ने बताउनु भयो ।

मतदान केन्द्रमा पुगेका कर्मचारीहरूले अनुसूची अनुसारका सूचना जारी गर्ने, सर्वपक्षीय छलफल गर्ने, मतदान केन्द्र निर्माणका लागि आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्ने र मतदान केन्द्र निर्माण गर्ने काम गरिरहेका छन् । मुख्य निर्वाचन अधिकृत नन्दकिशोरप्रसाद यादवले जिल्लाको सबै भन्दा टाँढा रहेको साइपाल गाउँपालिका भित्र रहेका पाँच ओटा मतदान केन्द्रमा मतदान सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी कात्तिक ३० गते नै पुगिसम्न भएको बताउनु भयो । केही मतदानस्थलहरूमा सर्वपक्षीय छलफल चलिरहेको र मतदान केन्द्र निर्माण गर्ने काम पनि भइरहेको मुख्य निर्वाचन अधिकृत यादवले जानकारी दिनुभयो । तोकिएका सबै मतदान केन्द्रमा मतदान सामग्रीसहित निर्वाचन सम्पन्न गर्न स्वयमसेवक सहित २ हजार २८ जना कर्मचारी र सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भक्त दमाईको भनाइ छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडु**का अनुसार १ सय २९ मतदानस्थल र २ सय ११ मतदान केन्द्र रहेको यस जिल्लामा निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । मतदानमा खटिएका कर्मचारी सम्बन्धित क्षेत्रमा पुगिसकेको मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले बताउनु भयो । उहाँका अनुसार निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीसहित निर्वाचनमा खटिएका कर्मचारी सम्बन्धित मतदानस्थलमा पुगिसकेका छन् । कर्मचारी सम्बन्धित क्षेत्रमा पुगेर बुथ निर्माण गर्ने, सर्वदलीय बैठक बस्ने लगायतका कामहरु भइरहेको उहाँको भनाइ छ । मतदानमा खटिएका कर्मचारीहरु सम्बन्धित ठाउँमा पुगे नपुगेको बारेमा छड्के अनुगमन भइरहेको प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले बताउनु भयो । उहाँका अनुसार निर्वाचनको तयारी र कर्मचारी पुगेनपुगेको बारेमा समेत अनुगमन भइरहेको छ । निर्वाचनमा खटिएका २ हजार ५ सय सुरक्षाकर्मी सम्बन्धित क्षेत्रमा पुगेर शान्ति सुरुक्षाको कार्यमा लाग्नु भएको प्रमुख जिल्ला अधिकारी पन्थीले बताउनु भयो ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहकाअनुसार** जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी पुगेर मतदान केन्द्र निर्माण सुरू गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख नवराज अवस्थीले बताउनु भयो । आज र भोलि मतदान केन्द्र निर्माण, सर्वपक्षीय बैठक बस्ने काम भइरहेको अवस्थीले बताउनु भयो । मतदानलाई शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले सुरक्षा दिने प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले बताउनु भयो । जिल्लाका ७० मतदानस्थल र १ सय १२ मतदान केन्द्रमा ९ सय ९३ जना कर्मचारी खटाइएको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि लिली कुँवरकाअनुसार** मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नका लागि जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी पुगेर मतदान केन्द्र निर्माण कार्य सुरु गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भानसिंह महराले बताउनु भयो । निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन नेपाल प्रहरी, शसस्त्र प्रहरी र म्यादी प्रहरीको सुरक्षा टोली परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी चक्रबहादुर शाहले बताउनु भयो ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्टकाअनुसार** निर्वाचनको प्रचारप्रसारमा रोक लगाइएको भए पनि प्रधानमन्त्री तथा डडेल्धुरा जिल्लाबाट प्रतिनिधि सभाका सदस्य पदका उम्मेदवार शेरबहादुर देउवाले निर्वाचन आचारसंहिता विपरीत आफू बस्ने रिसोर्ट बाहिर मतदाताको भीड लगाएको अनुगमनका क्रममा पाइएको छ । निर्वाचन आचारसंहितामा मौन अवधिमा कुनै पनी उम्मेदवारहरुले मतदातासँग भेटघाट तथा मत माग्न नपाउने व्यवस्था भए पनि प्रधानमन्त्री एवम् डडेल्धुरा क्षेत्र नम्बर १ का उम्मेदवार देउवाले होटेलमा बसी मतदाताहसँग भेटघाट तथा मत मागिरहेको पाइएको हो । सुरक्षा घेरभित्र पालैपालो मानिसलाई भित्र पठाइरहेको बेला पत्रकारलाई फोटो नखिच्न भन्दै सुरक्षाकर्मी तथा देउवाका सहयोगीले भनेको र पत्रकारले फोटो भिडियो खिच्न थालेपछि बाहिर रहेका सबैलाई मतदातालाई देउवासँग भेट गर्नका लागि गेट भित्र जान दिएको पत्रकार महासंघ, डडेल्धुराका अध्यक्ष हिक्मतबहादुर सिंहले बताउनु भयो ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, inseconline@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org